## पुनर्निर्माणको पाँच वर्ष
# ३ खर्ब ३९ अर्ब खर्च, ९० प्रतिशत प्रगति

**हिमालय टाइम्स**

**काठमाडौं**, ११ पुस

पुनर्निर्माण प्राधिकरण स्थापनापछिका पाँच वर्षमा निजी आवास पुनर्निर्माणमा ९० प्रतिशतभन्दा बढी प्रगति भएको बताइएको छ । पुनर्निर्माणका लागि स्वीकृत पञ्चवर्षीय पुनर्निर्माण तथा पुनःस्थापना योजनाअनुसार परिमार्जित कुल बजेट ४ सय ८८ अर्ब रुपैयाँ रहेकोमा हालसम्म सरकार एवं दातृ निकायसमेतको गरी कूल ३ सय ३९ अर्ब रुपैयाँ खर्च भइसकेको राष्टिय पुनर्निर्माण प्राधिकरणले जनाएको छ

पुनर्निर्माण प्राधिकरण पाँच वर्ष पूरा भएको अवसरमा आयोजित पत्रकार सम्मेलनमा प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले ७ लाख ९६ हजार २ सय ४५ लाभग्राहीसँग अनुदान सम्झौता गरिएकोमा ७० प्रतिशतले घर पुनर्निर्माण गरिसकेको र २१ प्रतिशत लाभग्राही पुनर्निर्माणको अन्तिम चरणमा रहेको बताउनुभयो । जोखिम एवं विपन्न वर्गका लाभग्राहीको घर पुनर्निर्माणमा सहयोग गरी तोकिएको समयमा सम्पन्न गर्न प्राधिकरणले सहजीकरण गर्दै आएको उहाँको भनाइ छ । प्राधिकरणले करिब ९ सय जना घुम्ती डकर्मी र २ सय ५४ जना सामाजिक परिचालकको परिचालनसहित विशेष अभियानमा अघि बढाएको ज्ञावलीले जानकारी दिनुभयो । ज्ञवालीले ८१ प्रतिशत विद्यालय, ५८ प्रतिशत स्वास्थ्य संस्था, सुरक्षा निकायका ९६ प्रतिशत, पुरातात्त्विक सम्पदातर्फ ५१ प्रतिशत र सडकतर्फ ७० प्रतिशत पुनर्निर्माण भएको प्राधिकरणले जनाएको छ ।

पुनर्निर्माणका लागि स्वीकृत पञ्चवर्षीय पुनर्निर्माण तथा पुनःस्थापना योजनाअनुसार परिमार्जित कुल बजेट आवश्यकता ४ सय ८८ अर्ब रुपैयाँ रहेको र हालसम्म सरकार एवं दातृ निकायसमेत गरी कुल ३ सय ३९ अर्ब रुपैयाँ खर्च भइसकेको पनि ज्ञवालीले बताउनुभयो । प्राधिकरणले पुनर्निर्माणमार्फत करिब १६ करोड ६० लाख कार्य दिन बराबरको रोजगारी सिर्जना गर्नुका साथै स्वदेशी सिमेन्ट, इँटा, छड, जस्तापाता, क्रसर एवं काठलगायत उद्योगको प्रवर्द्धनमा समेत टेवा पुऱ्याएको ज्ञवालीले जानकारी दिनुभयो । प्राधिकरणले निजी आवास पुनर्निर्माणका क्रममा प्राप्त भएका ६ लाख ३४ हजार ९ सय ७३ गुनासाका सम्बोधन गरेको र गुनासो सम्बोधनबाट थपिएका पुनर्निर्माण लाभग्राहीको संख्या १ लाख ६ हजार ४ सय ६५ रहेको जनाएको छ । प्रबलीकरण लाभग्राहीको संख्या भने ६७ हजार ६ सय ८१ रहेको जनाएको छ । निर्माणाधीन १३० एकीकृत बस्तीमध्ये ५० एकीकृत बस्तीको पुनर्निर्माण सम्पन्न भइसकेको र बाँकी पुनर्निर्माण भइरहेको पनि प्राधिकरणले जनाएको छ ।

सिंहदरबारको मुख्य प्रशासनिक भवनको उत्तर, दक्षिण र पूर्वी भाग पुसभित्रै सम्पन्न गरी माघ महिनाभित्रै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सार्ने गरी कार्य भइरहेको, बबरमहल, केशरमहल, बालमन्दिर, नारायणहिटी संग्रहालय क्षेत्रको रणोद्दीप दरबारलगायत पुरातात्त्विक महत्त्वका दरबारको जीर्णोद्धार एवं पुनर्निर्माण द्रुत गतिले अघि बढेको जनाएको छ । त्यस्तै, बृहत्तर टुँडीखेल, लोकतान्त्रिक संग्रहालय, नारायणहिटी संग्रहालय, गोर्खा एवं नुवाकोट दरबार, एवं सातवटा पुरातात्त्विक सम्पदाको गुरुयोजनाको स्वीकृतको चरणमा रहेको बताइएको छ ।

त्यस्तै, क्षति भएका १ हजार ३ सय २० वटा गुम्बामध्ये पुनर्निर्माण गर्नुपर्ने ८ सय ९५ वटा रहेको र मर्मत गर्नुपर्ने ४ सय २ वटा रहेको मर्मत गर्नुपर्ने गुम्बामध्ये २ सय ९४ वटा सम्पन्न भएको र १०८ को मर्मत भइरहेको बताइएको छ । पुनर्निर्माणका क्रममा विभिन्न जिल्लामा ७ सय ६२ किलोमिटर सडक पुनर्निर्माण गर्नुपर्नेमा ४ सय ४३ किलोमिटर पुनर्निर्माण सम्पन्न भइसकेको छ भने बाँकी निर्माणाधीन अवस्थामा रहेको प्राधिकरणले जनाएको छ ।

### भूकम्पपछिको परिवर्तन पुस्तकमा

भूकम्पपछिको सामाजिक-आर्थिक पुनर्निर्माणमा भएका पहलका अनुभव समेटेर प्रकाशित पुस्तक सार्वजनिक गरिएको छ । विभिन्न संस्थाको सहयोगमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा प्रकाशित 'द राइजिङ फ्रम द रुइन्सः एक्सपेरियन्सेस इन लाइभ्लिहुड इन्टरभेन्सन्स्' पुस्तक सार्वजनिक गरेको हो ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले प्राधिकरणले भौतिक पुनर्निर्माणसँगै सामाजिक-आर्थिक पुनर्निर्माणलाई अगाडि बढाएको बतबाउनुभयो । प्राधिकरणका सचिव सुरेश आचार्यले जीविकोपार्जन र आर्यआर्जनको क्षेत्रमा प्राधिकरणको अभियानलाई सहयोग गर्ने सबै संस्थालाई धन्यवाद दिनुभयो । पुस्तकमा प्राधिकरणका कार्यकारी समिति सदस्य डा.विष्णुबहादुर भण्डारीसहित १८ विभिन्न संस्थाका प्रमुख एवं प्रतिनिधिका अनुसन्धानमा आधारित आलेख समावेश गरिएका छन् ।

# क्युआरबाट हुने भुक्तानीलाई देशव्यापी बनाइने

**हिमालय टाइम्स**

**काठमाडौं**, ११ पुस

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले क्विक रिस्पोन्स (क्युआर) कोडमार्फत हुने भुक्तानीलाई देशव्यापी बनाइने बताउनुभएको छ । नक्साल तरकारी तथा फलफूल बजारमा क्युआर कोडबाट हुने भुक्तानी कारोबारको शुभारम्भ गर्दै गभर्नर अधिकारीले यस्तो बताउनुभएको हो ।

नक्साल तरकारी तथा फलफूलबजारस्थित पसलमा क्युआर कोड भुक्तानीमार्फत तरकारी खरिद गरी उहाँले यसको शुभारम्भ गर्नुभएको थियो । अधिकारीले नगदरहित कारोबारलाई प्रवर्द्धन गर्ने नेपाल राष्ट्र बैंकको नीतिअनुरूप क्युआर कोडबाट हुने भुक्तानीलाई देशव्यापी अभियानका रूपमा अघि बढाइने जानकारी दिनुभयो अधिकारीले भन्नुभयो, 'नक्साल तरकारी बजारमा थालिएको क्युआर कोडको अभ्यास प्रविधिमैत्री कारोबारमा एउटा उत्साहजनक सुरुवात हो, अब यसलाई देशभर अभियानका रूपमा विस्तार गर्ने योजना राष्ट्र बैंकले बनाएको छ ।' समग्र अर्थतन्त्रलाई प्रविधिमैत्री तुल्याउने सन्दर्भमा क्युआर कोडको प्रवर्द्धनले ठूलो योगदान पुऱ्याउने पनि उहाँले विश्वास व्यक्त गर्नुभयो । गभर्नर अधिकारीले क्युआर कोडमार्फत हुने भुक्तानी कारोबार उत्साहजनकरूपमा विस्तार भइरहेको जानकारीसमेत दिनुभयो । पछिल्लो समय हरेक महिना ३० प्रतिशतले यस्तो कारोबार वृद्धि भइरहेको अधिकारीको भनाइ छ ।

क्युआर कोड कारोबारको प्रवर्द्धन र विस्तारका लागि सहजीकरण गर्न राष्ट्र बैंक तयार रहेको उल्लेख गर्दै अधिकारीले त्यसका लागि अग्रसर रहन बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवाप्रदायक, व्यवसायीलगायत सरोकारवालालाई आग्रहसमेत गर्नुभयो ।

सानिमा बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत एवं नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष भुवनकुमार दाहालले नक्साल तरकारी बजारमा क्युआर कोड कारोबारको सुरुवातले थप हौसला मिलेको भन्दै देशभर 'डिजिटल नेपाल'को प्रवर्द्धनमा राष्ट्र बैंकसँग सहकार्य गरेर अगाडि बढ्न वित्तीय क्षेत्र तयार रहेको बताउनुभयो । नक्साल तरकारी तथा फलफूल व्यवस्थापन समितिका अध्यक्ष विष्णु सापकोटाले क्युआर कोडको सुरुवातसँगै तरकारी बजार प्रवित्रिमैत्री वातावारणमा प्रवेश गरेको बताउनुभयो । सो अवसरमा राष्ट्र बैंकका कार्यकारी निर्देशकहरू भुवन कँडेल, देवकुमार ढकाल, मुकुन्दकुमार क्षेत्री, डा.गुणाकर भट्ट, बमबहादुर मिश्र, निर्देशक रोशनकुमार सिग्देललगायतको उपस्थिति थियो । सानिमा बैंक र नक्साल तरकारी तथा फलफूल व्यवस्थापन समितिको सहकार्यमा नक्सालस्थित तरकारी तथा फलफूल बजारमा क्यूआर कोडमार्फत भुक्तानी कारोबारको सुरुवात भएको हो ।

बजारका ७५ स्टलमध्ये अधिकांश स्टलमा क्युआर कोड सञ्चालनमा आएको छ । नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागको तथ्यांकअनुसार २०७७ कात्तिकमा क्युआर कोडमार्फत २ लाख ४१ हजार ८ सय १८ कारोबार भएका छन् । क्युआर कोडमार्फत हुने भुक्तानी कारोबार पछिल्लो समय लोकप्रिय बन्दै गएको छ ।

## उद्योग वाणिज्य महासंघ बागमतीमा नयाँ नेतृत्व

**काठमाडौं/हिटा ।** नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश निर्वाचनबाट दिलसुन्दर श्रेष्ठको अध्यक्षतमा सर्वसम्मतरूपमा नयाँ चयन भएको छ । निर्वाचन समितिका अनुसार प्रदेश सभाबाट कार्यकारिणी समितिका पदाधिकारी एवं सदस्यका लागि भएको निर्वाचनमा उद्योग वाणिज्य क्षेत्रको उपाध्यक्षमा सविन श्रेष्ठ, वस्तुगत-एसोसिएट क्षेत्रको उपाध्यक्षमा दुर्गाराज श्रेष्ठ निर्विरोध निर्वाचित हुनुभएको छ भने कोषाध्यक्षमा गुणराज श्रेष्ठ चयन हुनुभएको छ । कार्यकारिणी सदस्यमा श्याम थापा, कैलाश पलाञ्चोके, शिवप्रसाद मानन्धर, जीवनकाजी माकजु श्रेष्ठ, हेमराज रिमाल रहनुभएको छ । वस्तुगततर्फबाट सदस्यमा वीरेन्द्रनाथ भट्टराई, एसोसिएटतर्फ सदस्यमा प्रदीपमान प्रधान र मनोनीत सदस्यमा प्रतिमा भट्ट रहनुभएको छ । नवनिर्वाचित श्रेष्ठ धुलिखेल उद्योग वाणिज्य संघका पूर्व-अध्यक्ष तथा महासंघका पूर्व-केन्द्रीय सदस्य हुनुहुन्छ । बागमती प्रदेशको वस्तुतग तथा एसोसिएट्स उपाध्यक्षमा दुर्गाराज श्रेष्ठ रहनुभएको छ ।

## निर्यातमा आइएमईको सहुलियत कर्जा




**काठमाडौं/हिटा ।** ग्लोबल आइएमई बैंक र निर्यात व्यवसायी महासंघ नेपालबीच निर्यात सहजीकरणका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य तथा महासंघका अध्यक्ष रामबहादुर गुरुङले हस्ताक्षर गर्नुभएको छ ।

सम्झौताअनुसार बैंकले निर्यात व्यवसायीलाई आवश्यकताअनुसार अल्पकालीन तथा दीर्घकालीन अवधिका लागि सहुलियतपूर्ण ब्याजदरमा कर्जा प्रवाह गर्नेछ । साथै बैंकले महासंघका सदस्यलाई आवश्यक अन्य बैंकिङ सेवा सरल र सहजरूपमा उपलब्ध गराउनेछ । बैंकले कर्जा प्रदान गर्ने, निकासी डकुमेण्ट खरिद गर्ने, नगद अनुदान, पुनरकर्जा, विदेशी मुद्रा खाता तथा सटही सुविधालगायत निर्यात व्यवसायसँगसम्बन्धी अन्य सेवा उपलब्ध गराउनेछ । सम्झौता कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष तथा बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले सम्झौताको प्रमुख उद्देश्य देशमा उत्पादित वस्तुको निर्यात वृद्धि गरी अर्थतन्त्रलाई थप बल पुऱ्याउन महासंघका सदस्य संघसंस्था तथा व्यवसायीको हकहितमा विभिन्न क्रियाकलाप गर्ने रहेको बताउनुभयो । ग्लोबल आइएमई बैंकसँगको सहकार्यले महासंघसँग आबद्ध संस्थालाई आवश्यक बैंकिङ कारोबारमा सहज हुने बताउँदै महासंघका अध्यक्ष गुरुङले महासंघले आफ्ना सदस्य रहेका निर्यात व्यवसायीलाई बैंकसँग कारोबार गर्न प्राथमिकता दिने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत बज्राचार्यले बैंक पनि निजी क्षेत्रको एक संस्था भएकोले निजी क्षेत्रका बैंकिङ समस्या समाधान गर्दै एक आपसमा सहकार्य गर्ने बैंकको उद्देश्य रहेको बताउनुभयो । महासंघका महासचिव दुर्गा विक्रम थापाले कोरोनाअघि ९५ अर्ब रुपैयाँभन्दा बढीको निर्यात भएको भन्दै आगामी दिन निर्यातलाई प्रवर्द्धन गर्न महासंघले विशेष कार्यक्रम गर्ने बताउनुभयो ।

## एनआइसी र स्वदेशी लघुवित्त मर्जरमा




**काठमाडौं/हिटा ।** एनआइसी एशिया लघुवित्त वित्तीय संस्था र स्वदेशी लघुवित्त वित्तीय संस्थाबीच गाभ्ने-गाभिने (मर्जर) सम्बन्धी सम्झौता भएको छ । सम्झौतामा एनआइसी एशिया लघुवित्तका अध्यक्ष कपिल ढकाल र स्वदेशी लघुवित्तका अध्यक्ष लालमणि जोशीले हस्ताक्षर गर्नुभएको हो । मर्जर हुने यी दुवै संस्था नेपाल राष्ट्र बैंकबाट 'घ'वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरका संस्थाहरू हुन । दुई संस्थाले गत साउन ३२ गते मर्जरसम्बन्धी समझदारीपत्रमा प्रारम्भिक हस्ताक्षर गरेका थिए । एनआइसी एशिया लघुवित्तको कर्णाली प्रदेशलगायत मुलुकका विकट पहाडी तथा हिमाली जिल्लासमेत गरी कुल १२० शाखा रहेका छन् भने स्वदेशी लघुवित्तका ८५ शाखा रहेका छन् ।

## सफा टेम्पोमा प्रभुको क्युआर कोड



**काठमाडौं/हिटा ।** प्रभु बैंक लिमिटेडले सफा टेम्पोमा क्युआर कोड सेवा सञ्चालनमा ल्याएको छ । काठमाडौं उपत्यकाभित्र चल्ने सफा टेम्पोमा यात्रा गर्दा क्युआर कोडमार्फत भाडा भुक्तानी गर्न सकिने सेवा सञ्चालनमा ल्याएको हो ।

यो सेवा अन्य बैंकका मोबाइल बैंकिङ प्रयोगकर्तालेसमेत उपयोग गर्न सक्ने बैंकले जनाएको छ । क्युआर कोड सेवा प्रभु बैंक र आइडिया स्टुडियो नेपालको सहकार्यमा काठमाडौं उपत्यकामा महिला सवारी चालकद्वारा सञ्चालित सफा टेम्पोमा उपलब्ध हुनेछ । महिला सवारी चालकद्वारा सञ्चालन हुने सफा टेम्पोमा प्रभु बैंकको क्युआर कोड राखिएको छ । प्रभु बैंकले सञ्चालनमा ल्याएको क्युआर कोड सेवाबाट भाडा भुक्तानी गर्न नगदै बोक्ने झन्झटबाट मुक्त हुनेमा बैंक विश्वस्त रहेको छ ।

## कुखुरा वितरक संघमा नयाँ नेतृत्व

**काठमाडौं/हिटा ।** नेपाल दाना, अण्डा, कुखुरा वितरक संघको केन्द्रीय अध्यक्षमा पुनः तेजनारायण पाण्डे निर्वाचित हुनुभएको छ । संघको पाँचौं साधारणसभा तथा तेस्रो अधिवेशनले पाण्डेको अध्यक्षतामा २० सदस्यीय कार्यसमिति चयन गरेको हो । वरिष्ठ उपाध्यक्षमा वीरबहादुर गुरुङ, उपाध्यक्षमा क्रमशः प्रकाश चापागाईं र प्रकाश श्रेष्ठ, महासचिवमा नेत्रनारायण आचार्य, सचिवमा नरेन्द्र अधिकारी र सह-सचिवमा मोहनकुमार श्रेष्ठ हुनुहुन्छ । सदस्यमा भने त्रिलोचन सुवेदी, गुरुप्रसाद सुवेदी, अनन्त दुवाडी, भरत पाण्डे, प्रेमप्रसाद गैरे, सुरेशजंग पाण्डे, प्रकाशमणि सापकोटा, इन्द्र क्षेत्री, मोहनबाबु श्रेष्ठ, उमेश अधिकारी, सुदर्शन जोशी र राकृष्ण पुरी रहेको संघले जनाएको छ । कार्यक्रममा नेपाल पोल्ट्री महासंघका अध्यक्ष गुणचन्द्र विष्टले किसानलाई माथि उठाउन नसकेसम्म व्यवसायीको हित हुन नसक्ने भन्दै किसानको उत्थानका लागि सबै एक भएर काम गर्नुपर्नेमा जोड दिनुभएको थियो ।


**Aadarsh Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Mauwa-Nagardah, Doti**

**INVITATION FOR BIDS**

**Date of publication: Dec-27, 2020 (2077/09/12)**

1. *Aadarsha Rural Municuplity, Office of the Rural Municipal Executive, Mauwa-Nagardah, Doti* has allocated fund from ward office intends to apply part of the funds to cover eligible payments under the Contract as mentioned in table below. Bidding is open to all eligible Nepalese bidders.
2. *Office Of the Rural Municipal Executive (ARM) Mauwa-Nagardah, Doti* invites electronic bids from eligible bidders for the construction works as per table below under National Competitive Bidding (NCB) procedures. Only eligible bidders should participate in this bidding.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost Including VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | ARM /NCB/ WORKS/077-078/01 | Constrution of Aili Canal at Ward no. 03 of Aadarsha Rural Municipality, Doti | 24,22,890.21 | 65,000/- | 3000/- | Only e-bid |
| 2 | ARM /NCB/ WORKS/077-078/02 | Constrution of Aad Girichauka Road at Ward no. 03 & 06 of Aadarsha Rural Municipality, Doti | 30,86,555.67 | 80,000/- | 3000/- | Only e-bid |
| 3 | ARM /NCB/ WORKS/077-078/03 | Constrution of Dokat to Pid Road at Ward no. 05 of Aadarsha Rural Municipality, Doti | 1959802.76 | 50,000/- | 1000/- | Only e-bid |

3. Eligible Bidders may obtain further information and inspect the bidding Documents at ***Office Of the Rural Municipal Executive (ARM), Mauwa-Nagardah, Doti, Phone no:9841027891, 9848431638. Web Site: aadarshamun.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.***
4. Bidder should submit their bid electronically and may downloaded the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically, should deposit the cost of bidding documents in the project's Rajaswa(revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Civil Bank Ltd.
   **Bank Name of Office:** ***Aadarsh Rural Municipality,*** Mauwa-Nagardah,Doti
   **Office Account no.:** 07110217242075 (Sanchit Kosh Khata), 07110217242048 (Dhaurati Khata)
5. Pre-bid meeting shall be held at ***Office Of the Rural Municipal Executive (ARM), Mauwa-Nagardah Doti*** on **Jan-17-2021(*2077/10/04) at 12:00 Noon.***
6. Electronic bid must be submitted to the office of Aadarsh Rural Municipility Mauwa-Nagardah Doti through PPMO website www.bolpatra.gov.np on before **12:00 Noon** on **26-Jan 2021 (2077/10/13)**, Bids received after this deadlines will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on **14:00** of **Jan-26-2021** (***2077/10/13)*** at ***Office Of the Rural Municipal Executive (ARM), Mauwa-Nagardah, Doti.***
8. Sealed Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid amounting Prescribed in the following table which shall be valid for 30 days beyond the validity period of the bid.
9. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **Dharauti Khata No 07110217242048 at *Civil Bank Ltd. Mauwa-Nagardah, Doti Branch*** and submit the receipt of the deposited amount of cash along with the bid.
10. If the last of date purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
11. Bidders are advised to visit site and assess the actual site conditions before submitting their e-bid.
12. Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever

**Chief Administrative Officer**


इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : आशुतोष प्रिन्टर्स, बालकुमारी, ललितपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल